सत्य तथ्य र निषपक्ष समाचारका सार्थी

# दैनिक ज्योती जागरण

Jyoti Jagran Daily

जि.प्र.का.पर्सा द. नं. ३०५/०७८/०७९

वर्ष: २ | अंक : १७१ | वि.सं. २०७९ माघ ०८ आईतबार | 22, 2023 Sunday, JAN | पृष्ठ संख्या : ४ | मूल्य ५ रुपैयाँ

## पर्सा प्रहरीको मुद्दा शाखा नै सई यादव र बिचौलीयाहरुको कमाई खाने धन्दा ।

वीरगन्ज । जिल्ला प्रहरी कार्यालय पर्साको मुद्दा शाखामा कार्यरत कर्मचारीहरु बिचौलीयाकै माध्यमले चल्न थालेपछि मुद्दा शाखा कमाई खाने थल्लोको रुपमा रुपान्तरण भएको रहस्य बाहिरिएको छ ।

आम नागरिकहरुको सुरक्षा ग्यारेन्टी गर्ने नेपाल प्रहरीकै मुद्दा शाखामा बिचौलीयाहरु हावी हुन थालेपछि कमाई खाने थल्लोको रुपमा मुद्दा शाखालाई प्रयोग गर्न थालिएको रहस्य बाहिरिएको हो ।

विभिन्न मुद्दाका अपराधीहरुलाई



उन्मुक्ति दिलाउनको निम्ति विचौलीयाहरुले मुद्दा शाखामा कार्यरत रहेका सई हनुमान यादवले आर्थिक प्रलोभनमा परी मुद्दाबाट उन्मुक्ति दिलाउन सफल भएको प्रहरी श्रोतले नै जानकारी दिएको छ । जिल्ला प्रहरी कार्यालय पर्साको मुदा शाखामा पहिला पनि आई यस्तै गतिविधि गरेका कारण यहाँबाट उनको सरुवा गरिएको थियो । त्यस पछि जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्सामा आई नयाँ प्रहरी प्रमुख आउनु भन्दा केही दिन अगाडि रकमी चलखेल

बाँकी अन्तिम पृष्ठमा

## मेरो चरित्र हत्या गरियो ः धामु शर्मा।



वीरगन्ज – नेकपा एमालेका स्थानिय नेता धामु शर्माले सामाजिक सञ्जालमा आफ्नो चरित्र हत्या गरिएको भन्दै कानुनी कारबाहीमा जाने बताएका छन् ।

सामाजिक सञ्जालमा धामु शर्मालाई पार्टी कै केही कार्यकर्ताहरुको इसारामा केही अनलाईन मिडियाहरुले उनले मदिरा भट्टी संचालन गरेको भन्दै उनको फोटो राखी समाचार सम्प्रेषण गरेकोमा उनको चरित्र हत्या भएको आरोप लगाएका छन् ।

शर्माले उक्त मदिरा भट्टीको संचालक आफु नभएको साथै मदिरा भट्टीसंग मेरो कुनै सम्बन्ध नरहेको कुरा प्रस्ट पारेका छन् । पार्टी कै केही व्यक्तिहरूले मैले मदिरा भट्टी सञ्चालन गरेको भन्दै झुटो प्रचार गरेको भन्दै उनले आपत्ति पनि जनाएका छन् ।

उनले भनेका छन् 'सामाजिक सञ्जालको दुरूपयोग गरी व्यक्तिगत चरित्र हत्या गर्ने अराजक यस्ता तत्वहरूलाई कानुनी कारबाही दायरामा ल्याउन लागेको छु । तत्काल प्रेस काउन्सिलमा जानकारी गराई आवश्यक कानुनी प्रक्रिया अगाडि बढाउने समेत बताउनु भयो ।'

आफ्नो राजनीतिक चरित्र हत्या हुने गरी

बाँकी तेश्रो पृष्ठमा

## बहुदरमाई नगरपालिकामा मधेस विश्वविद्यालयलाई जग्गा दिने सहमति ।



वीरगञ्ज । मधेस विश्वविद्यालयको शाखा सन्चालनका लागि आज बहुदरमाई नगरपालिकामा छलफल भएको छ । बहुदरमाई नगरपालिका वडा नं २ स्थित पिपरा टोलमा रहेको बहुदरमाई मन्दिर प्रगणमा छलफल भएको हो ।

बहुदरमाई नगरपालिकामा आज बोलाइएको सर्वदलिय बैठकबाट मधेस विश्वविद्यालयको शाखा सन्चालनका २५ देखि ३० बिगाहा क्षेत्रफल रहेको जग्गा उपलब्ध गराउन सहमति भएको मधेश विश्ववद्यालयका उपकुलपति डा दीपक शाक्यले बताए ।

शाक्यले एउटा शाखा सन्चालनका लागि बहुदरमाई नगरपालिका वडा नं २ स्थित पिपरा टोलमा रहेका जग्गा उपयुक्त रहेको वीरगञ्जबाट नजिक रहेको हुँदा चाडैनै प्रकृया पुरा गरि काम अगाडी बढाउने बताए ।

बहुदरमाई नगरपालिकाका नगर प्रमुख

बाँकी अन्तिम पृष्ठमा

## उपसभामुखमा इन्दिरा राना मगर निर्वाचित



इन्दिरा राना मगर उपसभामुखमा निर्वाचित भएकी छन्।

शनिबार बसेको प्रतिनिधि सभाको बैठकले राष्ट्रिय स्वतन्रुत्र पार्टीकी उम्मेदवार इन्दिरा राना मगरलाई उपसभामुखमा निर्वाचित गरेको हो। उनले १६६ मत प्राप्त गरेकी हुन्। उनी सत्ता गठबन्धनकोतर्फबाट उम्मेदवार हुन्। २६४ जना सांसद उपस्थित थिए। जसमध्ये ९७ जना सांसदले उनको विपक्षमा मत दिएका थिए।

एक सांसदले भने मत दिएनन्।

रानामगरलाई रास्वपाकै सोबिता गौतमले प्रस्ताव गरेकी हुन् भने उनका समर्थकमा एमालेका कृष्णगोपाल श्रेष्ठ, माओवादी केन्द्रका

बाँकी तेश्रो पृष्ठमा

## तराई होस्पिटलको कारण पटक पटक बिरामीहरू ज्यान गुमाउँदै , सम्बन्धीत निकाय मुख दर्शी ।

वीरगंज । वीरगंजमा होस्पिटल र डाक्टरको लापरबाहीले अकालमै बिरामीले ज्यान गुमाएको घटना कुनै नौलो विषय होइन ।

होस्पिटल र डाक्टरको लापरबाहीले कयौं बिरामीले अकालमै ज्यान गुमाएको भन्दै पटक पटक दर्जनौं घटना घटेका छन ।

त्यसमा पनि वीरगंजको पावर हाउसस्थित रहेको तराई होस्पिटल सञ्चालनमा आएदेखि नै बेलाबखत विवादमा मुछिँदै आएको छ । यसपटक पुनः झाडापखालाको बिरामी भई तराई होस्पिटलमा भर्ना गरिएको एक नवजात शिशुको लापरबाहीका कारण अकालमै मृत्यु भएको घटना बाहिरिएको छ ।

झाडा पखालाको बिरामी भई शुक्रवार बिहान साढे ३ बजे तराई होस्पिटलको एनआईसियुमा भर्ना




गरिएको पर्साको सखुवा प्रसौनी गाउँपालिका वडा नं २ औराहा पचगावाका प्रेम साह सोनारको दुई महिनाको नातिको मृत्यु भएको हो ।

भर्ना गरेका बेला बच्चा हातखुट्टा चलाईरहेपनि राती डिउटिमा रहेकी नर्सले भने उपचार भइरहेको तर विस्तृत कुरा बिहान ९ बजे डाक्टर आएपछि मात्र थाहा हुने प्रतिक्रिया दिएको सोनारले बताए । राती नै उपचारका लागी भर्ना गरिएपनि त्यसबखत बच्चाको बारेमा कुनैपनी जानकारी नगराई आफू एनआईसियु बाहिर बसेको बेला बिहान साढे सात बजे ३र४ जना डाक्टरहरूको टोलीले बोलाएर बच्चाको मृत्यु भइसकेको जानकारी गराएको पीडित सोनारको प्रतिक्रिया छ । शिशु भर्ना गरिएको झण्डै ४ घण्टापछि मात्रै चिकित्सक उपचारका लागी आएकाले चिकित्सकको लापरबाहीले मृत्यु भएको परिवारजनको आरोप छ ।

जबकी कुनै पनि बिरामीलाई एनआईसियुमा भर्ना गर्दा तत्कालै त्यससँग सम्बन्धित चिकित्सकको निगरानीमा उपचार गर्नुपर्ने हुन्छ । तर तराई होस्पिटलले त्यस्तो केही नगरी बच्चाको मृत्युसम्म कुरिरहेकाले हदैसम्मको लापरबाहीले मृत्यु भएको परिवारजनको आरोप रहेको छ ।

तराई होस्पिटलको लापरबाहीले हातखुट्टा चलाउँदै गरेको शिशुको मृत्यु भएपछि होस्पिटलसँग पीडित परिवारको विवाद हुँदा घटनास्थलमा प्रहरी पुगेर

बाँकी तेश्रो पृष्ठमा



ज्योती जागरण

दैनिकको लागि
प्रकाशक
ज्योती मिश्रा (मोबाइल : ९८१९२८८३०१)
सम्पादक : अजय कुमार कुशवाहा
कार्यकारी सम्पादक : सञ्जिव मिश्रा (९८५५०३३६०१)
अतिथी सम्पादक : कृष्णा कुशवाहा
विशेष प्रतिनिधी : मुस्तुफा आलम
कानूनी सल्लाहकार : पन्नालाल गुप्ता
कार्यालय : वीरगञ्ज-१३ राधेमाई,
इमेल : news.jyotidainik@gmail.com
मुद्रक : शुभलक्ष्मी अफसेट प्रिन्टिङ प्रेस

# प्रगतिशील पुँजीवादतिरको बाटो

**झलक सुवेदी**

'सौभाग्यवश, हामीसँग बजारले सबै थोक गर्छ भन्ने लिँडेढिपीको विपक्षमा विकल्प छ । सरकार, बजार र नागरिक समाजबीच व्यवहारवादी ढंगले शक्तिको पुनः सन्तुलन गरेर हामी स्वतन्त्र, निष्पक्ष र अझै उत्पादनशील व्यवस्थातर्फ अघि बढ्न सक्छौं ।

प्रगतिशील पुँजीवादको अर्थ हो– मतदाता र निर्वाचित अधिकारीहरूबीच, कामदार वर्ग र निगमहरूबीच तथा धनी र गरिबहरूबीच नयाँ सामाजिक सम्झौता ।बहुसंख्यक अमेरिकी र युरोपेलीहरूका लागि मध्यमवर्गीय जीवनस्तर हासिल गर्न सकिने गरी यथार्थपरक लक्ष्य बनाउन बजारले अरू केही लप्पनछप्पन हैन, समाजको सेवा गर्नुपर्छ ।'

३ मे २०१९ मा प्रकाशित 'हामीलाई चाहिएको अर्थतन्त्र' शीर्षक आफ्नो लेखमा नोबेल पुरस्कारप्राप्त अर्थशास्त्री जोसेफ स्टिग्लिजले प्रगतिशील पुँजीवादका बारेमा दिएको व्याख्यानमा उपर्युक्त कुरा उल्लेख गरेका छन् ।

पछिल्ला २० वर्षदेखि विश्वभर नवउदारवादले निम्त्याएको असमानताले पुँजीवादलाई नै जोखिममा धकेल्दै लगेको बारे निकै बहस हुने गरेको छ । थोमस पिकेटीको पुस्तक 'एक्काइसौं शताब्दीको पुँजीवाद' ले विश्वभर कमाएको लोकप्रियता पनि कसरी असमानता घटाएर पुँजीवादलाई बचाउन सकिन्छ भन्ने तर्कलाई पुष्टि गर्नमा केन्द्रित थियो ।

तर नेपालको अवस्था भने उच्च या मध्यम आयस्तर भएका विकसित देशहरूको भन्दा भिन्न छ । हामीलाई चाहिँ पहिले आर्थिक वृद्धिका बाटाहरू पहिल्याउनु छ । हामी चेपुवामा छौं, आवश्यकता र यथार्थबीच । आवश्यकता छ पूर्वाधारहरूको विकास गरेर देशका हरेक कुनामा बसोबास गर्ने परिवारलाई शिक्षा, स्वास्थ्य सेवा, रोजगारीको आधारभूत अवसर उपलब्ध गराउने । मानवीय दृष्टिले बाँच्नलायक अवस्था सृजना गर्न सहयोग गर्ने । यसका लागि सार्वजनिक क्षेत्रले मात्र काम गर्न स्रोत र साधनले भ्याउँदैन । पूर्वाधार नभएको ठाउँमा बजार जाँदैन ।

राज्य र बजारबीच स्रोतको उच्चतम प्रयोग र वितरणको व्यवस्थापनको क्षेत्र बाँडफाँट नगरी हामी लक्षित आर्थिक वृद्धि हासिल गर्न सक्दैनौं । सन् १९९० भन्दा अघि राज्य बलियो थियो, निजी क्षेत्र फस्टाउन सकेको थिएन । पछि बजार सक्रिय त भयो तर यसले उत्पादनशील या औद्योगिक पुँजीवादको बाटो समातेन ।

राज्य सीमित पुँजीपति वर्ग या व्यावसायिक घरानाका हितहरूलाई व्यवस्थापन गरिदिने औजार मात्र बन्दै गयो । राज्यले बजारलाई हैन, बजारले राज्यलाई चलाउने अवस्था बनेको छ । कुनैकुनै बेला त राज्य छ कि छैन भनेर प्रश्नहरूसमेत उठ्ने गरेका छन् ।

तपाईंले गिट्टी-बालुवा, चिनी कारखाना, ठेक्कापट्टा र यती या चौधरी ग्रुपका अनेक किस्सा सुन्दै आउनुभएकै छ जहाँ राजनीतिक नेतृत्व र दोहनकारी आसेपासे पुँजीपतिहरूको सालनाल जोडिएको हुन्छ ।

आयातमा आधारित राजस्वबाट राज्य चल्ने, आयात गरिएका सामान बेचेर आउने नाफाबाट पुँजीपति वर्ग मोटाउने अवस्थाले राष्ट्रिय पुँजीको हैन, दलाल पुँजीको विकासमा मात्र योगदान गरेको छ । रेमिट्यान्स र सहरमा विकास भएको सेवा क्षेत्रका कारण पुँजी निर्माणले केही गति लिएको भए पनि सामाजिक श्रमको विभाजन र स्रोतहरूको उच्च प्रयोगका दृष्टिले हामी एकदम पछि छौं । देशभित्रको प्राकृतिक स्रोतको उच्च प्रयोग भएको छैन, श्रमयोग्य जनशक्तिको महत्त्वपूर्ण हिस्सा बाहिरिएको छ । पछिल्लो समय सिमेन्ट र जलविद्युत् मात्र हाम्रा आशालाग्दा क्षेत्र बनेका छन् । नेपालको बजार र उपभोगले मूलतः भारतीय पुँजीवादलाई पोस्ने काम मात्र गरेको छ ।

भारतीय पुँजीले नेपाली बजारमाथि गर्ने हस्तक्षेपको सेपमा परेर नेपाली पुँजीपति वर्ग टाक्सिएको छ । भन्सार-गैरभन्सार अवरोधका कारण नेपाली वस्तु तथा सेवाले भारतीय बजारमा पहुँच पाउन नसक्ने तर भारतले (पछिल्लो समय चीनको हिस्सा पनि थपिँदै छ) नेपाली बजारमाथि एकलौटी नियन्त्रण गर्ने हुँदा नेपालले उत्पादनशील या औद्योगिक पुँजीवादतिर फड्को मार्न सकेको छैन । जलविद्युत्को विकाससमेत भारतको प्रत्यक्ष दबाबमा छ ।

यता हामी बजारले महत्त्वपूर्ण भूमिका खेल्ने गरी राष्ट्रिय पुँजीको विकास नगरीकन अहिलेको अविकासको गोलचक्करबाट मुक्त हुन सक्दैनौं । केही समययता समाजवाद देशका लागि घाँडो भयो भन्ने कथनलाई स्थापित गर्न खोजिएको छ ।

तर समाजवाद राजनीतिक दलहरूका अभिलेख र चुनावमा मत माग्न हिँड्ने नेताहरूका बोलीमा बाहेक कतै उपस्थित छैन । एक प्रकारको भतुवा (क्रोनी) र पराश्रित पुँजीवादले हाम्रो अर्थराजनीतिलाई कठालो समातेर लतारिरहेको छ ।

अहिले यस्तो बहसतिर तानेको चाहिँ नेपालको राजनीतिक समीकरणले हो । भरखरै भएको निर्वाचनपछि अप्रत्याशित रूपमा नेकपा माओवादीका अध्यक्ष प्रचण्ड नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको समर्थनमा प्रधानमन्त्री बने । त्यसलगत्तै छवटा प्रदेशमा आफूलाई साम्यवादी दलका नेता-कार्यकर्ता भन्नेहरू मुख्यमन्त्री बनेका छन्, सभामुख बनेका छन् ।

सातौं प्रदेशमा पनि साम्यवादीहरूको समर्थनप्राप्त दलले सरकार बनाएको छ । यसको अर्थ हुन्छ– साम्यवादी भएको दाबी गर्ने दलहरूले सरकार र संसद्सहित स्थानीय तहमा पनि ठूलै हिस्साको नेतृत्व गर्छन् । यिनले अब कानुन बनाउन र व्यवहारमा आफ्ना नीतिहरू लागू गर्न मनग्गे समर्थन हासिल गरेका छन् ।

सरकारको समग्र स्वरूप छिर्केमिर्के भए पनि नीतिगत नेतृत्वचाहिँ साम्यवादी भनिने दलहरूले नै गर्दै छन् । रातो रंग खुइलिँदै घुर्मैलो देखिए पनि साम्यवादी दलको झन्डा बोक्ने दलले सरकार चलाउँदा कस्तो अर्थराजनीतिक बाटो अख्तियार गर्ला भन्ने प्रश्न उठ्ने नै भयो ।

विश्व साम्यवादी आन्दोलनमा कसरी समाजवादतिर जाने भन्ने विषयमा भएका बहसहरूमध्ये दुइटा बहस हाम्रो सन्दर्भमा अझै पनि अर्थपूर्ण लाग्छन् ।

साम्यवादी या समाजवादीहरूले सत्तामा जान कति बल गर्ने या सरकार चलाउन पाए भने कस्तो बाटो लिने भन्ने सम्बन्धमा भएका यी बहसको वैचारिकी अझै पनि कम्युनिस्टहरूबीच उद्धृत गरिन्छ । पहिलोचाहिँ जर्मन साम्यवादी नेता कार्ल काउत्स्की र रसियाली सामाजिक जनवादी पार्टीमा मेन्सेविकहरूले बोकेको विचार हो ।

उनीहरूले भन्ने गरेका थिए– पहिले पुँजीवादको चरम विकास हुन देऊ अनि मात्र समाजवादी क्रान्तिका लागि आधार तयार हुन्छ, हतार गरेर समाजवाद आउँदैन । लेनिनले यस्ता विचारहरू खारेज गरे र साम्यवादी क्रान्ति गरे । केही वर्ष युद्ध समाजवादको अभ्यास गरेपछि सन् १९२१ मा उनले नयाँ आर्थिक नीतिमार्फत सीमित मात्रामा पुँजीवाद विकासको बाटो खोलेका थिए ।

स्रोतको विवतरणमा बजार र निजी क्षेत्रलाई अर्थतन्त्रमा भूमिका खेल्ने बाटो खोलिएको थियो । तर सन् १९२२ पछि नै लेनिन सरकार चलाउन असमर्थ हुँदै गए र १९२४ मा उनको

बाँकी तेश्रो पृष्ठमा

# सरकारलाई कांग्रेस-समर्थनको अन्तर्य

**इन्द्र अधिकारी**

सामान्यतया संसद्को पहिलो ठूलो दललाई पाखा लगाएर दोस्रो या तेस्रो दलले सरकार बनाइरहँदा संसदीय व्यवस्थामा पहिलो दल विपक्षमै बस्छ र विश्वासको मत प्रक्रियामा पनि सरकारलाई समर्थन गर्दैन ।

त्यसमाथि पनि यावत् आलोचनाबीच 'प्रि-इलेक्सन अलायन्स' मा साथ दिएर आफ्नै पहलमा तेस्रो बनाएको दलका नेता गठबन्धनभित्रबाट को प्रधानमन्त्री हुने भन्ने छलफलकै बीच एकाएक अर्को कित्तामा गएर प्रधानमन्त्री भइरहँदा त कांग्रेसले विश्वासको मत देला भनी अनुमान गर्न सकिने कुरै होइन ।

यी दुवै परिस्थितिबीच यस पटक कांग्रेसले पुष्पकमल दाहालको सरकारलाई विश्वासको मत दिँदै गुण र दोषका आधारमा प्रतिपक्षको भूमिकामा बस्ने बताएको छ । केहीको विमतिका बावजुद दलको कार्यव्यवस्था समिति र संसदीय फाँटमा अनुमोदन गरिएको यो निर्णयले बाहिर, खास गरी कांग्रेसनिकटका धेरैले अस्वाभाविक भन्दै व्यापक आलोचना गर्दै यसको औचित्य खोजिरहेका छन् ।

सतहमा कांग्रेसनिकटस्थ बौद्धिकको चर्को विरोध देखिए पनि, सरकार गठन गर्ने आधारका रूपमा राष्ट्रपतिसमक्ष प्रस्तुत हस्ताक्षरकै आधारमा दाहालसँग चाहिनेभन्दा बढी अर्थात् १७० हाराहारी मत देखिइरहँदा आखिर कांग्रेसले किन समर्थनमा मतदान गऱ्यो होला भन्ने आशंका गर्दै तीनछक पर्नेमा भने एमाले र ऊसँग 'प्रि-इलेक्सन अलायन्स' मा साथ रहेका राप्रपा अनि पुरानालाई 'नो नट अगेन' भनेर संसद्मा छिर्दाछिर्दै एकाएक कसैलाई तेस्रो पटक प्रधानमन्त्री बनाउने सहमतिसहित सरकारमा उपप्रधान तथा गृहमन्त्रीमा आसीन हुन पुगेका रवि लामिछाने देखिन्छन् ।

यीमध्ये कतिपयले कतै कांग्रेस र दाहालबीच पुनः सहकार्यको सहमति त भएन भनेर प्रश्न गरिरहेका छन् भने कतिले अब कांग्रेसले आफूलाई संसदीय फाँटको मसिहा भनिरहन सक्ला र भनेर पनि प्रश्न उठाइरहेको पाइन्छ । धेरैको प्रश्न छ– के कांग्रेसको सरकारलाई विश्वासको मत दिने यो राय विकल्परहित परिस्थितिको उपज थियो त ?

कतिले कमजोरी भन्छन् त कतिले सबल पक्ष । जे भने पनि, आफूले मानिसकेपछि किन्तु-परन्तु नभनी बोकेर हिँडिरहनु कांग्रेसको संस्कार रहेछ । आफूले लिएको र लिनुपर्ने बाटाका बारेमा पार्टीका यावत् आन्तरिक मतलाई पर सार्दै कांग्रेसले आफू सहभागी भएको २०४७ र २०६३ सालका दुवै संविधानलाई परिवर्तन नहुन्जेल अपनत्व दिँदै आयो भने, २०७२ को संविधानलाई पनि जोडबलले बोकिरहेको छ । के पनि भनिन्छ भने, कांग्रेसलाई तुरुन्तै नयाँ परिवेशमा लान सकिन्न, तर नयाँ परिवेश स्विकारेपछि त्यसलाई बोकेर चाहिँ हिँडिरहन्छ ।

संघीयता, धर्मनिरपेक्षता, समानुपातिक निर्वाचन प्रणालीदेखि धेरै सवालमा पार्टीका सक्रिय र प्रभावशाली नेताहरू नै असहमत भएर आफूलाई दलीय गतिविधिबाट टाढा बनाइरहे पनि स्वयंमा कांग्रेस यी अवयवहरूबाट बाहिरिने गरी विचलित देखिन्न । बरु भनिरहेको छ– यो संविधान हाम्रो नेतृत्वमा आएको हो र देशलाई गतिशील तुल्याउन यो दस्तावेज आफैंमा सक्षम छ ।

२०६२-६३ सालको आन्दोलनको अन्तिम समयसम्म पनि ऊ संवैधानिक राजतन्त्रमा अडिग थियो; जब त्यो अडानबाट आफूलाई परिमार्जित गऱ्यो, उसको गणतन्त्रप्रतिको अडान चट्टानझैं भएको छ । यसबाहेक मधेश, दलित, जनजाति, मुस्लिम र महिलालाई पनि सँगै लिएर हिँड्ने सवालमा तुलनात्मक रूपमा अलिक बढी प्रतिबद्धता कांग्रेसमै रहेको केन्द्रीय समितिको गणितले देखाउँछ ।

तर आफैंले बोकेको संविधानले अपनाएको निर्वाचन प्रणालीले, एउटा दलको मात्र सरकार बन्न सक्ने अवस्थालाई सामान्यतया इन्कार गरेको अवस्थामा, अरूसँगको सहकार्यमा सरकारमा जान वातावरण बनाउने सवालमा भने कांग्रेसका कतिपय अडान बेलाबेला बाधक देखिन्छन् ।

त्यसैले भन्ने गरिन्छ– हेर्दा कांग्रेसनजिकको वैचारिक धरातलका जस्ता देखिनेहरूले पनि सहकार्यका सवालमा कांग्रेसविपरीत धारका दलहरू रोज्नुको कारण कांग्रेसको कमजोर 'नेगोसिएसन स्किल' र अनावश्यक ठालु चरित्र नै हो ।

नयाँ दल र नेताको प्रवेश स्विकार्ने संस्कार पछिल्लो समय नेपाली राजनीतिको अर्को अवयव भए पनि त्यसलाई बेलाबेला कांग्रेसले अवमूल्यन गर्छ भन्नेहरू पनि प्रशस्त छन् । हुन पनि शेरबहादुर देउवालाई अपवादमा राख्ने हो भने कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, सुशील कोइराला नेतृत्वको कांग्रेसमा एकाएक युवा र नयाँलाई 'ठूला' या महत्त्वपूर्ण अवसर दिनमा कन्जुस्याइँ रहेको देखिन्थ्यो ।

२०६४ को संविधानसभाको चारवर्षे कार्यकालमा वाम नेतृत्वका चार फरक सरकार बन्दै गर्दा तत्कालीन ६०१ सदस्यीय संसद्को दोस्रो दल कांग्रेस पूरै अवधि सरकारबाहिर रहनुको एउटा प्रमुख कारण नयाँ दलहरूसँग हैसियत अनुसार डिल गर्न आनाकानी गर्नु वा

बाँकी तेश्रो पृष्ठमा

# जरैदेखि सोच्ने कि ?

**गोपीकृष्ण ढुंगाना**

राष्ट्रमा भएका सबै सेवासुविधा ग्रहण त गरें तर कुन कुन क्षेत्रमा के कति योगदान दिएँ ? नागरिक तहबाट स्वमूल्यांकन ढिला भइसकेको छ।

गणेश ! भन त तिमी यो मानसरोवरमा के देख्छौ ?', आमा पार्वतीले छोरालाई सोध्दा जवाफ आएको थियो, 'जतातत‍ै कालो देख्छु। जताततै मान्छे नै मान्छे दौडिइरहेका छन्। उनीहरू मलाई मार्न खोजिरहेका छन्।'

गणेशले आफूलाई बचाउन भनिरहँदा आमा पार्वती शान्त र निर्धक्क भनिरहेकी थिइन्, 'अझै हेर, राम्ररी हेर। त्यस्तो केही छैन।' गणेशलाई लाग्यो, यतिका मान्छे मार्न आउँदा पनि नबचाउने मेरी आमा कस्ती ? जतिबेला गणेश ११ वर्षका थिए। उनले आँखा खोले, आमा मुस्कुराइरहेकी छन्। गणेश डरले नीलोकालो छन्। आमाको वाणी आयो, 'नडराऊ। बाबु, तिम्रो मन नकारात्मक होला। अझ मनभित्र पस र हेर आफूलाई।'

परिस्थिति विचार गरी गणेशले शान्त भावमा मनको ढोका खोलेर हेरे। हो कि ! जस्तो लाग्यो।त्यसपछि पार्वतीले भनिन्, 'तिमी जे सोच्छौ, यो संसार त्यस्तै बनेर आउँछ।' संसारको 'स्क्रिन'मा त्यही देखिन्छ, जुन कुरा मनमा उत्पादन हुन्छ।

आमाले भनेअनुसार गणेशले लामो र गहिरो सास फेरे। पार्वतीले थपिन्, 'आँखा बन्द गर, म छु। तिम्रा सबै दुःखबाट बचाउँछु।' उनी ध्यानमग्न भए। जब मन शान्त भयो, तब गणेशले आँखा खोले र भने, 'जताततै उज्यालो छ आमा, अरू केही छैन।' एक्लै हुँदा पनि खुसी हुने कला हो यो। यथा दृष्टि तथा सृष्टि। मनले जे सोच्छ, त्यही देखिन्छ।

गणेशमा आत्मविश्वासको तह बढ्यो। भनिन्छ, बुवा र आमाबाट गणेशले बाल्यकालमा यस्ता हजारौं खजाना पाए। उनलाई दिइएका यस्ता तालिमले १,१११ पाना भरिएका छन् रे। एकमात्र पुराण, गणेशपुराण जसलाई साढे चार हजार वर्ष लगाएर लेखियो।

मनमा विचार र लक्ष्य जन्मायो भने पूरा हुने रहेछ भन्ने उदाहरण गणेशको बाल्यकालले बताएको छ। हरेक दिन अघिल्लो दिनसँग प्रतिस्पर्धा गर्नेको जीवनले सार्थकता पाउँदै जान्छ। हो, मानिस हरेक दिन सफल हुनुपर्छ।

हामीले यसरी सोचेका छौं ? हरेक परिवारले सन्तानलाई गणेशलाई जसरी हरविधा र क्षेत्रमा सानैमा तालिम दिने हो भने बल्ल देशले सही नागरिक पाउँछ। गणेश ( टिम लिडर) को पूजा गर्नु भनेकै आफ्नो नेतृत्व क्षमताका लागि हो।

हरेक नागरिकको यसरी नै नेतृत्व विकास हुने हो भने न विकासमा समस्या रहन्छ, न समृद्धि प्राप्तिमै। यस किसिमले तालिम लिएर 'सोच जस्तो, भविष्य त्यस्तै' लाई मूलनारा बनाउने र यसैमा समर्पण भाव राखेर अघि बढ्ने हो भने नेपालमा दक्ष जनशक्तिको अभाव हुने छैन।

चीन होस् वा जापान अथवा कतिपय विकसित देश, त्यहाँका बालबालिकाले सानैदेखि हरेक कुरामा अब्बल हुने अवसर पाउँछन्। सकारात्मक सोच र लक्ष्यप्रति दृढ हुने वातावरण पाउँछन्।

सकारात्मक ऊर्जा पाएको बालबालिका त्यही ऊर्जा थप्दै सफल बन्छ। उसलाई देशभक्ति सिकाइन्छ। ऊ देशकै लागि समर्पित हुन्छ। नेपालमा सरकारले होस् वा परिवारले, कसैले पनि बालबालिकाको 'होलस्टिक डेभलपमेन्ट'मा ध्यान दिएकै छैन, लगानी गरेकै छैन (अपवादबाहेक)। यहाँ त हरेकजसोले जीवनको लय र गति समात्न सकेकै छैन। कतिपय त 'आशीर्वाद'ले भरिनुपर्नेमा जीवनलाई 'अभिशप्त' ठानिरहेका छन्। नकारात्मक ऊर्जाले भरिएको मानिसबाट समाज र राष्ट्रले के अपेक्षा गर्न सक्छ र ? 'दिनु' को सट्टा 'ठग्नु'मा मजा भेट्नेहरूले आफूलाई कहिले 'सही दिशा'मा हिँडाउलान् ? व्यापारमात्र होइन, मन्दिरमा समेत ठग्नुपर्छ भन्ने मान्यताले ग्रसित छ समाज। प्रशिक्षणकै कमी भन्छु, उसले अरूलाई होइन, आफैंलाई ठगिरहेको छ।

तीन करोड नेपालीमध्ये कतिमा 'प्लेसेबो' र कतिमा 'नोसेबो' होला ? प्लेसेबो अर्थात् सकारात्मक सोच र चिन्तन, नोसेबो अर्थात् नकारात्मक सोच र चिन्तन। वरिपरि हेऱ्यौं भने जताततै भेट्छौं, 'हुँदैन, सक्दिनँ, गर्दिनँ, सम्भव नै छैन।'

जबसम्म मानिसमा 'हुन्छ, सक्छु, गर्छु, सम्भव छ' भन्ने भाव र संकल्प जन्मँदैन, तबसम्म देशले 'योग्य नागरिक' पाउन सक्दैन। यसमा अभिभावक र समाजको ठूलो हात रहन्छ। नोसेबोबाट ग्रसित कैयौं मानिस हामी चिया पसलदेखि चौतारोसम्म समय बर्बाद पारिरहेछौं।

यो राष्ट्र विकासका लागि घातक हो, खै कसले कहिले बुझ्ने ? एक विद्वान्ले भनेका थिए, 'आँखा झिम्क्याउँदा लाग्ने समयको एकतिहाइ समय हो, क्षण। तिमी आधा क्षण पनि खेर नफाल।' हामी अधिकांश क्षणको त के कुरा घण्टा र दिन बित्दा पनि त्यसको आभास गर्दैनौं। हजारौं हामी त हप्ता बित्दा पनि मन पोलेको महसुस गर्दैनौं।

आफू र राष्ट्र बन्न कसैले धेरै केही गर्नु पर्दैन। हालै कतारमा वर्ल्ड कप २०२२ भयो। मेसी र एम्बाप्पे यी दुई पात्रमात्र हेरौं न। यिनले धेरै के गरे, गोलपोस्टमा गोल हानेकामात्र न हुन्। उनीहरूको ध्यान जतिबेला पनि गोलमै भएर न गोलमा आफ्नो विश्व पहिचान बनाए। खेलले नै होइन, तिनको स्वास्थ्य राम्रो भएको। गोलले नै होइन, सबैले चिनेको ? चर्चा गरेको ?

विश्वका हरेक देशका नागरिकदेखि राष्ट्र प्रमुखसम्मको मुखमा छ 'मेसी' र 'एम्बाप्पे'। गोलले नै उनीहरूले नाम (पहिचान), दाम (धन) र सम्मान कमाए।

बिल गेटस् हेरौं, महात्मा गान्धी वा

बाँकी तेश्रो पृष्ठमा

## जरैदेखि...

मदर टेरेसा वा अरू कैयौं यस्ता नाम छन् जसले एउटै काममा ध्यान लगाए, आफूलाई समर्पण गरे र सफल भए। उत्कृष्ट कर्म नगरेका भए के यी व्यक्तित्व संसारको दृष्टिमा पुग्थे ? सदासदा जीवित रहन्थे ? मानिसको चोला त मरेर जान्छ तर जीवनको पथ (प्यासन, सचेतना अर्थात् शिक्षा र सीप, समयसीमा र आदतहरू) लाई सही दिशा दिन सकेमात्र जुनी जुनी सबैको मनमा बाँच्न सक्छौं हामी पनि। हामीलाई के ले छेकेको छ र ?

समस्या जसरी हामीभित्र छ, समाधान त्यसरी नै हामीभित्रै छ। नखोज्नु र त्यसबाट मुक्त हुन नचाहनु (जस्तो छ त्यस्तैमा रमाउने आदत) ले हामीलाई 'असल' र 'सफल' हुनबाट रोकेको न हो। हरेक काममा बहानाबाजी गर्नेहरूलाई सामुन्ने आइसकेको 'सफलता'ले पनि बहानाबाजी खोज्छ। यसरी व्यक्ति चुक्छ, चुकिरहन्छ। आफ्नो 'रिचनेस' खोज्न छोडेर अरूको 'कमजोरी' खोज्छौं, खोजिरहन्छौं र त हामी 'गरिब' झन् गरिब बन्छौं, बनिरहन्छौं। यसरी समय बिताउनु भनेको मनोरोग हो। भनाइ छ, 'यु क्यान्ट किल टाइम, टाइम किल्स यु' अर्थात् तिमी समयलाई मार्दैनौ, तिमीलाई समयले मारिरहेको हुन्छ। त्यो समय आफूमा लगानी गर्ने हो भने अरूतर्फ ध्यान नै जाँदैन। बरु अरूको ध्यान तपाईंमा केन्द्रित हुनेछ।

देश विकासका लागि एउटा सन्दर्भ केलाउने प्रयास गरौं। नेपालमा ४२ प्रतिशत किसान छन् जो वर्षमा ९ महिना काम गर्छन् तर उनीहरूलाई केवल ६ महिना खान पुग्छ। यसै सन्दर्भमा अमेरिकालाई हेरौं, जहाँ तीन जनाले काम गरेर २० जनालाई खाद्यान्न उत्पादन गर्छन्। जापानमा त्यत्रो कृषिकर्म हुन्छ जबकि त्यहाँ एकजना पनि खेतमा भेटिँदैनन्। इजरायल त्यस्तो देश हो जसले सूचना-प्रविधि (आईटी)को प्रयोग गरेर खेती गर्छ।

त्यस देशमा २ प्रतिशतकिसानले खेती गरेर ९८ प्रतिशत नागरिकलाई खाद्यान्न पुऱ्याउँछन्। यतिमात्र होइन, निर्यात प्रशस्त गर्छन्। हामी नेपालीसँग के कमी छ र यी सबै कथा लागिरहेको छ।

केही हामी फरक पनि छौं। जीवनमा ठूलो मेहेनत र लगानी गरेर 'व्यक्तित्व' बनाएका छौं। तर व्यक्तित्वमात्र भएर हुँदैन, उसको योगदान समाज र राष्ट्रलाई कति छ ?

त्यो महत्त्वपूर्ण हुन्छ। नेपालमा 'व्यक्तित्व' (पर्सनालिटी) भएकाहरू सबैले एकपटक गहिरिएर सोच्नुपर्ने बेला आएको छ कि मैले आफ्नो तर्फबाट जन्मभूमि नेपालको समग्र विकासका लागि के गरें ?

राष्ट्रमा भएका प्रकृति, माटोदेखि सारा सुविधा ग्रहण त गरें तर कुन कुन क्षेत्रमा के कति योगदान दिएँ ?

स्वमूल्यांकन ढिला भइसकेको छ। अधिकांश हामीसँग 'लिनुपर्छ' भन्नेमात्र भाव छ, 'दिनुपर्छ' भन्ने भावलाई स्वीकार्न सकेका छैनौं। दिने कति महान् हुन्छ हेरौं त, देवता। दिने भएर देवता भए, हामी लिनेहरू 'लेवता'मा सीमित भयौं, भइरह्यौं र त जहाँको तहीँ छौं।

लिएर होइन, दिएर मात्र मान्छेले संसार जित्ने हो। 'ल अफ पर्सनालिटी'ले भन्छ, 'व्यक्ति जस्तो चाहन्छ, त्यस्तै बन्न सक्छ।' हामीले आजसम्म के चाह्यौं ? आफैंलाई प्रश्न गरौं र खोजौं आफूभित्रको सम्भावना।

किनकि संसारमा जे पनि रोप्ने अवसर छ। यो मलिलो धरतीमा जे रोप्यो, त्यही फल्छ।

२१औं शताब्दीको अत्याधुनिक समयमा छौं हामी। विश्व प्रतिस्पर्धामा नउत्रिएसम्म हामी नेपाली 'कुवाको भ्यागुतो' मै सीमित हुन्छौं। हामीले आजसम्म जे गऱ्यौं त्यो भव्य गऱ्यौं, व्यक्तित्व विकासमा जे गऱ्यौं, भव्य गऱ्यौं भन्ने भ्रम छ।

यस्ता भ्रम हरेक क्षेत्र र विषयमा भेटिन्छन्। तिनलाई चिरेर अब सर्वप्रथम नेपाल विश्वबजारमा अमेरिका, बेलायत, चीन, अस्ट्रेलिया, जापान, सिंगापुरजसरी चिनिनु पर्छ। यसका लागि सामूहिक प्रयास चाहिन्छ। यस्तो शत्प्रयास तबसम्म निरन्तर हुनुपर्छ जबसम्म यसले सार्थक परिणाम हात पार्दैन। यो समृद्धि नेपालले प्राप्त गर्न हरक्षेत्रमा विकास अनिवार्य सर्त हो।

भौतिक पूर्वाधारलाई विकास ठान्यौं भने अर्को महाभूल हुनेछ। व्यक्ति/नागरिकसँग जोडिएका हरेक विषय, क्षेत्र, सन्दर्भ र संस्कारको उच्चतम विकास पहिलो सर्त हो।

संयुक्त राष्ट्रसंघले निर्धारण गरेको दिगो विकास लक्ष्य (एसडीजी)का सबै सूचकसँगै थप पहल र प्रयास यी दुई विकासका लागि आवश्यक छ भनेर सरकार र नागरिकहरूले बुझ्नुपर्छ। अन्यथा देश विकास जहाँको तहीँ हुनेछ। 'समृद्ध नेपाल : सुखी नेपाली' बनाउने सरकारको १५औं योजनालाई साकार पार्न जरैदेखि सोच्ने बेला हो यो। अब रत्तिभर ढिला नगरौं। **साभार अन्नपूर्णपोष्ट्**

## प्रगतिशील......

मृत्यु भएपछि स्टालिनले यो बाटो मोडे र तत्काल समाजवादमा जाने बाटो हिँडे । यसको परिणाम के भयो, सबैलाई जानकारी नै छ ।

सन् १९४९ मा भएको जनवादी क्रान्ति (कम्युनिस्टहरूको नेतृत्वमा भएको पुँजीवादी क्रान्ति) लगत्तै चीनले कस्तो बाटो लिने भन्ने विषयमा चिनियाँ कम्युनिस्टहरूबीच बहस आरम्भ भयो ।

माओले केही वर्ष त पुँजीवादी सुधारका कार्यमा ध्यान दिए । भूमिसुधार गरेर किसानहरूलाई जमिन बाँडियो । निजी उद्योगधन्दालाई प्रोत्साहित पनि गरियो । तर सन् १९५८ पछि भने उनले पनि हतारमा समाजवादतिर जाने बाटो अवलम्बन गरे । जमिन र उद्योगको सामूहिकीकरणमा जोड दिइयो । कम्युनहरू बने । यो बाटो गलत हो, निजी क्षेत्र र बजारको भूमिका निषेध गर्न हुन्न भन्नेहरूलाई पुँजीवादपन्थी भन्दै पार्टीबाट निष्कासित गरियो, जेल हाल्ने र हत्या गर्ने काम भयो । माओको मृत्युपछि तेङको नेतृत्वमा चीनले अर्थतन्त्रमा बजार र निजी क्षेत्रको भूमिकालाई प्रोत्साहित गर्दै गयो अनि अहिले निकै उन्नति गरिरहेको छ ।

केही समय त समाजवादी बजार अर्थतन्त्रकै नाममा स्वच्छन्द (एक हदसम्म क्रोनी) पुँजीवाद र बजार प्रभावशाली बन्दै गयो । सी चिनफिङले सत्तामा आएपछि अलिकति समाजवादतिर ढल्किँदै धनीहरूबाट लिएर गरिबलाई बाँड्न कर प्रणालीलाई प्रयोग गर्ने बाटो लिए ।

सन् १९७८ को सुधारपछि पहिलेका सामाजिक सुरक्षाका व्यवस्थाहरू भत्किए । पहिलो ३० वर्षमा सीमित व्यक्तिहरू र सीमित क्षेत्र उधुम धनी भएको अनि आम जनता र क्षेत्रहरू पछि पर्दै गएर व्यापक असमानता फैलिएको चीनमा अहिले सरकारले लिएका नीतिहरूबाटै सामाजिक न्यायको सुनिश्चितता गर्न वितरण प्रणालीलाई मजबुत बनाइएको छ । यसैलाई कम्युनिस्टहरूको नेतृत्वमा चलिरहेको प्रगतिशील पुँजीवादको अर्थराजनीतिक बाटो पनि (?) भन्न सकिन्छ । के नेपालले यस्तो बाटो लिन सम्भव छ ? माओवादी केन्द्र र नेकपा एमाले दुवै पुँजीवादी जनवादी क्रान्ति पूरा भएको र समाजवादको आधार तयार गर्ने समय आएको निष्कर्षमा पुगेका हुनाले पनि यस्तो बहसले केही अर्थ राख्छ नै ।

स्टिग्लिज अगाडि लेख्छन्, 'प्रगतिशील पुँजीवाद नवउदारवादजस्तो नभएर वर्तमान समयमा मूल्यको सृजना कसरी हुन्छ भन्ने सही ज्ञानमा आधारित छ ।

राष्ट्रको दिगोपन र सतको धन अरू देशबाट धुतेर या प्राकृतिक स्रोत र मानिसको शोषण गरेर प्राप्त हुँदैन, बरु नयाँ कुरा खोजी गर्ने मानवीय गुण र सहकार्यबाट प्राप्त हुन्छ जसलाई प्रायः सरकार र नागरिक समाजका संस्थाहरूले सहजीकरण गर्छन् ।

अठारौं शताब्दीको आधाउधीदेखि उत्पादकत्व बढाउने नवप्रवर्तनहरू नै गतिशीलता र उच्च जीवनस्तरका मुख्य चालक शक्तिका रूपमा रहँदै आएका छन् ।

औद्योगिक क्रान्तिले ढोका खोलेको तीव्र आर्थिक प्रगतिका मुख्य दुई खम्बा छन् ।

पहिलो हो विज्ञान, जसबाट हामी आफूवरपरको अवस्था बुझ्न र पछ्याउन सक्छौं । दोस्रोचाहिँ सामाजिक संगठन हो, जसले हामीलाई आफू एक्लैको सामर्थ्यभन्दा कैयौं गुणा बढी उत्पादनशील बनाउन मद्दत गर्छन् । समयक्रममा विधिको शासन, शक्ति सन्तुलनको सिद्धान्त अपनाएका लोकतान्त्रिक व्यवस्था र विश्वव्यापी स्तरीकरणले यी दुवै खम्बालाई थप मजबुत बनाउँदै लगेका छन् ।'

नेपालका सन्दर्भमा स्टिग्लिजले भनेका नवप्रवर्तन र लोकतन्त्र दुवै खम्बा कमजोर छन् । उच्च आर्थिक वृद्ध नभई आम मानिसलाई मध्यम वर्गमा लैजान सम्भव हुँदैन । बलियो मध्यम वर्गले मात्र नागरिक समाजका संस्थाहरू बलियो बनाउन र राज्यलाई उत्तरदायी बनाउन दबाब दिन सक्छ । सार्वजनिक संस्थाहरू बलिया नबनीकनै लोकतन्त्र विकसित हुँदैन ।

यसरी आर्थिक विकास र लोकतन्त्र सँगै अघि बढ्ने अन्तरसम्बन्धित र परिपूरक घटनाहरू हुन् । आर्थिक विकासका संरचनागत तगाराहरू भने घरेलु अर्थतन्त्रको स्वरूप र विश्वबजारसँगको अन्तरक्रिया दुवैतिर छन् । निर्वाहमुखी कृषिमा ६० प्रतिशतजति जनसंख्या आश्रित हुनु र आम उत्पादनमा आधारित सस्तो विदेशी सामानसँग प्रतिस्पर्धा गर्न नसकेर देशभित्र स्वतन्त्र उद्योग प्रणालीको विकास नहुनुजस्ता जुम्ल्याहा संरचनागत अवरोध हामी सामना गरिरहेका छौं ।

औद्योगिक पुँजीवादको विकास नभई कृषिको अतिरिक्त जनशक्ति आधुनिक क्षेत्रले खिच्न सक्दैन । विश्वका नवविकसित महानगरहरूमा नेपालीहरूको श्रम आप्रवासन पनि यसै कारणले भइरहेको छ ।

आर्थिक वृद्धि हासिल हुँदै जाँदा त्यसको न्यायोचित वितरणमार्फत सामाजिक न्यायसहितको प्रणाली विकास गर्ने गरी अहिले राज्यलाई नियमनकारी बनाउने तर बजारलाई स्रोतको उच्च उपयोग र वितरणको माध्यम बनाउने गरी स्वतन्त्र पुँजीवादको विकासमा लाग्नुबाहेक हामीसँग अर्को विकल्प छैन । यहाँनिर राज्य र बजारको सीमा पनि प्रस्ट हुनु जरुरी छ ।

साना उत्पादकहरू, साना व्यवसायहरूलाई ठूला माछाले खानबाट बचाउने काम राज्यको हो । राज्यका अनेक शक्तिकेन्द्रसँग साँठगाँठ गरेर अनुत्पादक पुँजी सञ्चय गर्ने र छिटो धनी हुने अवसर कसैले पाइरहने प्रवृत्तिले प्रतिस्पर्धा र नवप्रवर्तनका माध्यमबाट उत्पादनशील काम गर्ने पुँजीपति वर्गलाई निरुत्साहित मात्र गर्छ ।

राज्यले जनशक्तिको उत्पादनमा पर्याप्त लगानी गर्ने, विधिको शासन कायम गर्ने, पिछडिएका क्षेत्रसम्म पूर्वाधार विस्तार गर्ने र खास गरी बाह्य पुँजीको दबाबलाई रोक्न पर्याप्त प्रयास गर्ने हो भने मात्र हामी पुँजीवादी विकासको नयाँ चरणमा प्रवेश गर्न सक्नेछौं जहाँबाट समाजवादतिर जानुअघि कमसेकम प्रगतिशील पुँजीवादको अभ्यास गर्ने ल्याकत हासिल हुन्छ ।

स्टिग्लिजको परिकल्पना अनुसारको मतदाता र निर्वाचित अधिकारीहरूबीच, कामदार वर्ग र निगमहरूबीच तथा धनी र गरिबहरूबीच नयाँ सामाजिक सम्झौताका आधार तयार पार्न पनि स्वतन्त्र पुँजीवादको विकास अनिवार्य छ । यस्तो पुँजीवाद चरित्रमा राष्ट्रिय हुन्छ तर बाह्य बजार र पुँजीसँग अन्तरक्रियामा आधारित हुन्छ । अहिलेको समाजवादी भनिने सरकारले यति गर्न सके हामी इतिहासको अविकासको दुश्चक्रबाट मुक्त हुन सक्छौं । मतदाता र निर्वाचित अधिकारी या सरकारबीच अब कसरी जाने भन्ने विषयमा गरिने सम्झौताको द्वार भने नेतृत्वले नै खोल्नुपर्छ । समाजवादसम्म जाने बाटो खन्न आरम्भचाहिँ यतैबाट गर्ने कि ? सभार इकान्तिपुर

## सरकारलाई ......

तिनको अस्तित्व अस्वीकार गर्नु रहेको देखिन्छ । बाबुराम भट्टराईले एकाएक मधेशकेन्द्रित दलका २६-२७ सांसदलाई मन्त्रिमण्डलमा सामेल हुन प्रस्ताव गरिरहँदा मधेशकेन्द्रित दलको त्यो मागलाई कांग्रेसले अस्वीकार गऱ्यो । त्यही कारण मधेशी-कांग्रेस-एमाले सहकार्यको प्रयास सम्भव नभएर प्रधानमन्त्रीको जिम्मेवारी भट्टराईको काँधमा आएको इतिहास छ ।

त्यसैले कम्युनिस्ट मात्र होइन, विचार र व्यवहार हेर्दा कांग्रेसनिकट देखिने/भनिने राष्ट्रिय स्वतन्त्र पार्टीजस्ता दलहरू पनि सत्ताका सवालमा कम्युनिस्टहरूसँगै सहकार्यमा रमाउँछन् र त्यसको कारण हो– बहुसंख्यक कांग्रेसीमा रहेको नयाँ र युवालाई एकाएक माथि लैजान हुन्न, 'सिनियरिटी मेन्टेन' गर्नुपर्छ भन्ने धङधडी ।

परिणामतः, नयाँ दलहरू कांग्रेससँग सौदाबाजी गर्नबाटै तर्कन्छन् जसरी यस पटक कांग्रेसका असन्तुष्टहरूकै मत पाएर जितेका राष्ट्रिय स्वतन्त्र पार्टीका रवि लामिछानेले पनि कांग्रेससँग कुरा गर्नभन्दा वाम दलहरूसँग सहकार्यमा काँध मिलाउन सहज ठाने ।

संविधानको कार्यान्वयन र संघीय संरचनाभित्रको प्रदेश तहलाई कसरी जनमुखी र जनस्वीकार्य बनाउन सकिन्छ भन्ने सवालमा कांग्रेसले सहकार्य गर्न सक्ने नेतृत्वशक्ति भनेका दाहाल र माधव नेपाल मात्र हुन् ।

शान्ति प्रक्रियामा नेतृत्वदायी भूमिकाका साथै पछिल्लो संविधान बनाउन र घोषणा गर्न सफल देखिए पनि २०६२-६३ देखि आजसम्मका कुटिल राजनीतिक अवयवहरूलाई पृष्ठभूमिमा राखेर हेर्दा, कांग्रेस आफैंमा भद्र खेलाडीका रूपमा प्रस्तुत भइरहँदा बारम्बार अरू दलको धूर्त चरित्रको सिकार हुनुपरेको छ ।

हुन पनि, 'म र गिरिजाबाबु नभएका भए नेपालमा शान्ति प्रक्रियाले आकार नै पाउँदैनथ्यो' भन्ने हालका प्रधानमन्त्री दाहालले नै 'हामीले गिरिजाबाबुलाई राष्ट्रपतिमा जान रोकेर गल्ती गरेका रहेछौं' भनेर निकै पटक पश्चात्ताप गरेको सुन्दै आइएको छ ।

पहिलो संविधानसभा/व्यवस्थापिका-संसद्को चारवर्षे कार्यकालमा पहिलो र तेस्रो दलबाट (निर्वाचनमा हारेका नेतासमेत गरी) चार जना कम्युनिस्ट प्रधानमन्त्री भए, तर दोस्रो दल कांग्रेसले सरकारमा नेतृत्व त के, सहभागी हुने अवसरसम्म पाएन । माओवादीलाई शान्ति प्रक्रियामा ल्याएका कारण कांग्रेस एकातिर जनताका नजरमा इतिहासमै सबभन्दा बढी आलोचित थियो भने त्यही प्रक्रियाको बलमा संसद्मा पुग्न सफल माओवादी नेतृत्व नै कांग्रेसलाई रोक्ने प्रमुख तगारो बनेर तेर्सिदियो । तैपनि प्रदेश र स्थानीय सरकार नयाँ केही होइनन्, यी पनि केन्द्र अधीनस्थ एकाइ मात्र हुन् भन्ने केपी शर्मा ओलीको प्रधानमन्त्रीय अभिव्यक्ति र आफ्नै नेकपा दलका सातमध्ये छ मुख्यमन्त्रीसँग भएका व्यवहारले झस्केको कांग्रेसका लागि ओली वा अरूभन्दा एजेन्डाका हिसाबले दाहाल नै नजिक देखिए ।

नयाँ संविधान अन्तर्गत आएको नयाँ संसद् पनि पुरानो संविधानको हवाला दिँदै र नयाँ परिस्थितिको ठाडै अवमूल्यन गर्दै पहिलेझैं भंग गर्न सकिन्छ भन्ने ओली अभिव्यक्तिले त कांग्रेस अरू झस्कन पुगेको छ ।

कम्युनिस्टमध्ये पुरानो संसद्वादी मानिने एमालेका अध्यक्षले यदि उनी संसद् विघटनका पक्षमा हुन् भने संविधानको संशोधनमा सहकार्य गरेर पुरानै प्रावधान राख्नमा जोडबल गर्नुपर्नेमा किन संविधानविरोधी रटानमा छन् त भनेर आशंका गर्नु अस्वाभाविक पनि होइन । तत्कालीन सरकारका संविधानविरोधी गतिविधि नै अहिले कतै प्रदेश लगायतका संरचना देशका लागि दायित्व मात्र त भएका छैनन् भन्नेहरूका लागि बलियो आधार भएको छ र त्यसले 'प्रदेश खारेज गर' भन्नेहरू अरू जुरमुराएका छन् ।

भलै दाहाल पनि लिङ्देनको सभामा पुगेर 'राष्ट्रियताका सवालमा राप्रपा र माओवादी एक ठाउँमा छौं' भन्न पनि भ्याउँछन्, तर संघीयता, मधेश लगायतका सवालमा उनी एमालेका अध्यक्षभन्दा उदार छन् भन्नेमा नागरिकता विधेयकमा कांग्रेससँगै रहेर दिएको उनको साथले बताउँछ । हुन पनि सहकार्य नै गर्न परेपश्चात् विचार र व्यवहारमा लचिलाहरू नै एकआपसका रोजाइ हुने रहेछन् । भनिन्छ, नेपालका दलहरूमा सैद्धान्तिक धरातल कम छ ।

विचारमा असहमत दलसँग सहकार्य गर्नुअघि आन्तरिक रूपमा एक पटक पनि नघोल्तिई सत्तासँग जोडिएर दलका नेताहरूले गर्ने सहकार्यले पनि त्यो पुष्टि गर्दै आएको छ । 'नो नट अगेन' नारामा पहिलो पटक संसद् छिरेका रवि लामिछानेले संसद् छिरेलगत्तै उमेरले सत्तरी कटेका र पटकपटक 'टेस्ट' भएकाहरूसँग सरकारमा सहकार्य गरे ।

यसो गरिरहँदा आफूलाई त्यहाँ पुऱ्याउने मतदातासँग संवाद गर्नसम्म आवश्यक ठानेनन् । मधेशलाई आधार बनाई राजनीति गर्ने मधेशकेन्द्रित दलहरूका शीर्ष नेतामा यस्तो प्रवृत्ति धेरै समयअघि नै देखिएको हो । परिणामतः, दलका दोस्रो-तेस्रो तहका कार्यकर्ताहरू पनि आफ्ना स्वार्थमा साथ नदिने दल त्याग्दै अर्कातर्फ जाने क्रम बढेको छ र यो क्रम निर्वाचनका मुखमा अझ बढी देखिँदै आएको छ । मतलब, नेपाली राजनीति सिद्धान्तका आधारमा चल्न सकेको छैन ।

यस अवस्थामा कांग्रेसको विकल्प भनेको सहकार्य गर्न सहज शक्तिहरूमध्ये एउटालाई संविधानविरोधी मोर्चाको भुंग्रोमा छाड्ने कि कमसेकम किनारातिर ल्याएर सुरक्षित राख्ने भन्ने नै हो । अन्तिम पटकलाई भनेर ऐलान गरेका दाहाललाई कि 'संस्कार बसाऔं, नत्र निर्वाचनपश्चात् कमसेकम ठूलो दलले सत्ता नेतृत्व गर्दा म्यान्डेट स्विकारेको मानिन्छ' भनेर मनाउन सक्नुपर्थ्यो कि त समर्थन गरेर प्रधानमन्त्री बनाउनुपर्थ्यो । यी दुइटै काम नभएकाले दाहाल बिच्किएर अर्को कित्तामा पुग्दा हुन सक्ने लामो समयको ड्यामेजलाई समयमै कन्ट्रोल गर्ने उपायका रूपमा कांग्रेसले विश्वासको मत हाल्ने निर्णय लिएको देखिन्छ । दाहालले पनि हिजोका कमीकमजोरी र एमाले नेतृत्वका कतिपय अडानसमेत हेरेरै होला, गठबन्धनबाट बाहिरिँदै गर्दा पनि कांग्रेसविरुद्ध कटु वचन नगरी सहकार्यको ढोका खुलै रहेको सन्देश दिइरहे ।

तर के स्वभावमा अस्थिर र शंकाका भरमा बढी आकलन गर्ने दाहालले कांग्रेसका ती उद्देश्यमा साथ दिइरहन सक्लान् ? उनका पछिल्ला अभिव्यक्ति सामाजिक रूपान्तरणका लागि काम गर्ने नेताका भन्दा पनि [illegible]जस्ता देखिएका छन् ।

## कुष्ठ...

आफ्नो दौरा-सुरुवाल अवतारलाई पुष्टि गर्न सामाजिक सञ्जालको कमेन्टमा भर परेको उनको अभिव्यक्तिले पनि त्यस्तै संकेत गर्छ । आज नेता कम पपुलिस्ट बढी हुने हो भने त नेपाली, खास गरी विदेशमा रहेकाहरूले प्रदेशको खारेजी भन्नेलाई सबभन्दा वाहवाही गर्लान्, समावेशीका नाममा सकारात्मक विभेदको प्रावधान हुन्न भन्नेलाई धेरै ताली देलान्, परिवर्तित परिस्थितिमा आएका महिला र अल्पसंख्यकमुखी कानुनका विरोधमा आउने भाष्यमा धेरै सकारात्मक कमेन्ट देलान् !सभार इकान्तिपुर

## तराई......

**विवादलाई साम्य पारेको थियो । ''होस्पिटलबाट भएको लापरबाहीले मृत्यु भएको शिशुको घटनाबारे छानबिन गरी दोषीलाई कारबाही हुनुपर्ने आफूहरूले माग गरेका छौं, ताकी भोलिको दिनमा अरू कोही बिरामीसँग यस्तो घटना नघटोस्,' पीडित सोनारले भने, आफूहरूले कुनै पनि क्षतिपूर्ति माग गरेका छैनौ तर उपचारमा अस्पतालको चरम लापरबाहीकै कारण बच्चाको मृत्यु भएको छ ।'' तराई अस्पतालले पनि गल्ती स्वीकारेकोले दोषीलाई कडा कारबाही होस भन्ने मात्रै चाहेको पीडित सोनारले बताए । तराई होस्पिटलको प्रशासन शाखाले सहमतिमै कुरा टुङ्गिएको बताउँदै के सहमति भएको बारे बोल्न चाहेन्न । तराई होस्पिटलका सञ्चालक डा.रोशन कुर्मीले भने भेट्नै चाहेन्न । पटक पटक सम्पर्क गर्दा समेत घटनाबारे जानकारी गराउन सम्पर्कमै आउन चाहेन्न । घटनाबारे जिल्ला प्रहरी कार्यालय पर्साले मुद्दा दर्ता गरेको छ । पीडितले दिएको उजुरीको आधारमा तराई अस्पतालमाथि मुद्दा दर्ता गरिएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ । मृत्यु भएको बच्चाको पोस्मार्टनका लागी नारायणी अस्पतालमा पुऱ्याइएको छ । यस्ता घटना पटक पटक तराई होस्पिटलमा घटेपनि हालसम्म तीनले उपचारमा सुधार गर्न सकेका छैन्न ।**

## मेरो चरित्र..

विभिन्न सञ्चारमाध्यम तथा सामाजिक सञ्जालहरुमा प्रचारबाजी गरिएको भन्दै उनले दुःखेसो पोखे ।

एमाले प्रवेश गरेदेखि नै शर्माले आफ्नो बारेमा मिथ्या प्रचारबाजी गरेर आम जनमानसमा भ्रम स्थापित गराएर आफ्नो बदनामी हुने अवस्था सिर्जना भएको बताए ।

उनी नेकपा एमालेबाट स्थानिय चुनावमा पकाहा मैनपुर गाउँपालिका को वडा नं ४ बाट वडा अध्यक्ष पदका उम्मेदवार पनि थिए ।

## उपसभामुखमा.....

नारायणी शर्मा र राप्रपाका राजेन्द्र प्रसाद लिङ्देन छन्। उनको विपक्षमा नेपाली कांग्रेसकी मुक्ताकुमारी यादव उम्मेदवार थिइन्।

यादवको प्रस्तावकमा कांग्रेस सांसद बद्री पाण्डे र समर्थकमा नेकपा एकीकृत समाजवादीका सांसद मेटमणि चौधरी र लोसपा सांसद सर्वेन्द्रनाथ शुक्ला छन्।

# नेता चौरसिया र गुप्ता एमाले मधेश प्रदेश कमिटी सदस्यमा मनोनित ।





कृष्णा प्र. कुशवाहा

वीरगन्ज । पर्साको पकाहा मैनपुर गाउँपालिका पूर्व अध्यक्ष एवं जनता समाजवादी पार्टी, नेपाल (जसपा) नेता विजयी चौरसिया र पर्सा कै बिन्दबासिनी गाउँपालिका पूर्व उपाध्यक्ष तथा नेपाली कांग्रेस पार्टीकी मधेस प्रदेश कमिटी सदस्य नेता किरण देवी गुप्ताले परित्याग गरी नेकपा (एमाले) मा प्रवेश गरेकालाई एमालेले मधेश प्रदेश कमिटी सदस्यमा मनोनयन गरेको छ ।

डेढ दशकअघिदेखि राजनीतिमा क्रियाशील रहेका नेता चौरसिया र गुप्ताले पार्टी परित्याग गरी एमाले रोजेका थिए । केही समयअघि एमालेका केन्द्रिय सदस्य एवं पर्सा क्षेत्र नं ३ का प्रतिनिधि सभा सदस्य राजकुमार गुप्ताको पहलमा एमाले प्रवेश गरेका थिए ।

'मधेशवादी पार्टीहरुले मधेशको नारा मात्रै दिने तर जनताको पक्षमा नभइ सीमित नेताको स्वार्थपूर्ति गर्ने काम मात्र गरेको अनुभूति भएपछि एमालेमा प्रवेश गरेको हुँ'- भने विजय चौरसिया बताउँछन ।

यहाँ आएपछि थाहा भयो मधेश विरोधी भनि प्रचार गरिएको एमाले नै वास्तवमा मधेशको विकासमा सबैभन्दा धेरै काम गर्ने पार्टी रहेछ भने नेता गुप्ताले बताइन् ।'

प्रदेश कमिटीमा मनोनित भएपछि नेता चौरसिया र गुप्ताले पार्टी नेतृत्वप्रति धन्यवाद ज्ञापन गर्दै पार्टी र एमाले नेतृत्वको प्रति क्रियाशील हुने बताए ।

# महोत्तरीको झा दम्पती हत्याकाण्डमा २ वर्षपछि थप एकजना पक्राउ



जनकपुरधाम, माघ ७ गते ।

महोत्तरीमा झा दम्पतीको हत्या गरेको आरोपमा थप एकजना पक्राउ परेका छन् ।

घटना भएको दुई वर्षपछि फरार रहेका पिपरा गाउँपालिका ५ बस्ने ७२ वर्षीय तेज नारायण झा नेपाल भारत सिमाबाट पक्राउ परेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।

झा घटना पश्चात फरार भएर भारतको गोवाटी शहरमा पुजारीको काम गर्दै आएका झा बेला बेलामा काकडभिट्टा नाका हुँदै आउजाउ गरिरहेको सूचनाको आधारमा केन्द्रीय अनुसन्धान ब्युरो महाराजगंज काठमाडौँको सहयोगमा उनलाई पक्राउ गरिएको हो ।

सिआईबीको सहयोगमा जिल्ला प्रहरी कार्यालय महोत्तरीबाट खटेको टोलीले शुक्रबार झापाको मेचीनगर नगरपालिका ६ स्थित नेपाल भारत सिमानाबाट पक्राउ गरिएको प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक सन्तोष कुमार पोखरेलले जानकारी दिए ।

पक्राउ परेका झाले हत्यामा मतियारको भूमिका निर्वाह गरेको प्रहरी अनुसन्धानबाट खुलेको हो ।

२०७७ साल फागुन १० गते राति महोत्तरीको पिपरा गाउँपालिका वडा नं. ५ सहोडवाका ६५ वर्षीय मुसाफिर झा र उनकी श्रीमती ६० वर्षीया गीतादेवी छुट्टाछुट्टै ओछ्यानबाट ओछ्यानसहित बेपता भएका थिए ।

बेपता भएको एक महिनापछि चैत १२ गते पिपरा २ अतरार जानेबाटोमा झा दम्पतीको शव सडेगलेको अवस्थामा फेला परेको थियो ।मुसाफिर झाका छोरा मनिष झाले कैलास झा, रामबाबु यादव, सुरेन्द्र यादव, राजेन्द्र भन्ने रजिन्द्र यादव र हरेन्द्र ठाकुर, तेज नारायण झा, तारा देवी झा, बिकास भन्ने बब्लु कुमार झा समेतले अपहरण गरी शरीर बन्धक बनाई हत्या गरेको भन्दै प्रहरीमा जाहेरी दरखास्त दिएका थिए ।

यसअघि प्रहरीले यस घटनामा ७ जनालाई नियन्त्रणमा लिएकोमा ३ जना कारागारमा रहेका छन् भने चारजना धरौटी दिएर रिहा भएका थिए ।

# लायन्स क्लब इन्टरनेशनल डिस्ट्रिक्ट ३२५ एसको तेश्रो क्याबिनेट मिटिङ वीरगंजमा सम्पन्न



वीरगंज, माघ ७ । लायन्स क्लब इन्टरनेशनल डिस्टिक्ट ३२५ एसको तेश्रो क्याबिनेट मिटिङ वीरगंजमा सम्पन्न भएको छ ।

वीरगंजको होटल भिष्वामा सम्पन्न भएको तेश्रो क्याबिनेट मिटिङ तथा सम्मान कार्यक्रममा डिस्ट्रिक्ट ३२५ एसका गर्भनर लायन अमर बहादुर श्रेष्ठले देशका विभिन्न स्थानमा लायन्सका लिडर तथा अन्य विभिन्न क्लवहरुले गरेको कामको गतिविधिहरूबारे चर्चा गरेका थिए ।

गर्भनर श्रेष्ठले सो अवसरमा आफ्नो कार्यकालमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा लायन्सको अभियानमा सहयोग गर्ने एवं निस्वार्थ रुपमा सेवा गर्नेहरुलाई पुरस्कृत गर्दै आफु सधै लायन्सको अभियानमा लागिरहने बताए ।

सबै लायन्सकर्मीहरुको साथ र सहयोगप्रति उनले आभार समेत प्रकट गरे ।

त्यसैगरी कार्यक्रममा प्रमुख अतिथिको रुपमा निम्ताईएका लायन्स क्लब इन्टरनेशनलका आइडी इन्डोर्सी बालकृष्ण बुर्लाकोटीले डिष्ट्रिक्ट गभर्नर अमर बहादुर श्रेष्ठको सफल नेतृत्वले नेपालका सबै लायन्सलाई गौरव महसुस गर्ने वातावरण बनेको बताउँदै सर्भिस, फेलोशिप र लिड़रशिपमा धेरै कार्यहरु सम्पादन गर्न सफल डिष्ट्रिक्ट ३२५ एसले उत्साहका साथ काम गरिरहेकामा गभर्नरको खुलेर प्रशंसा गर्नु भएको थियो ।

कार्यक्रममा लायन्स क्लब इन्टरनेशनल डिस्ट्रिक्ट ३२५ एस अन्तर्गत रहेका क्लबहरुले गरेका कामको उत्कृष्टताका आधारमा क्लबका पदाधिकारी एवं उत्कृष्ट क्याबिनेट अफिसरहरुहरुलाई सम्मान पनि गरिएको थियो ।

सम्मानित सबैलाई लायन्स क्लव .डिस्ट्रिक्ट ३२५ एसका गर्भनर अमर बहादुर श्रेष्ठल र लायन्स क्लब इन्टरनेशनलका आइडी इन्डोर्सी बालकृष्ण बुर्लाकोटीले सम्मान पत्र सहित सम्मान गरेका थिए ।

कार्यक्रममा लायन्स क्लब इन्टरनेशनलका पाष्ट मल्टिपल काउन्सिल चेयरपर्सन लायन रमेश अग्रवाल, पुर्व गभर्नरद्वय लायन डा. आर.पी. खेतान, लायन शम्भु नकर्मी, प्रथम भाईस डिस्ट्रिक्ट गभर्नर लायन डि.एन. अग्रवाल, द्वितीय भाईस डिस्ट्रिक्ट गभर्नर लायन तासी डोल्मा तुङबाहाम्फे लगायतका अतिथिहरुले आ-आफ्नो मन्तब्य व्यक्त गरेका थिए ।

कार्यक्रमको सहजीकरण डिस्ट्रिक्ट क्याबिनेट सेक्रेटरी लायन बाल कुमार पाण्डेले गरेका थिए ।

# कालिकामाईमा आगलागी, दुई लाख भन्दा बढीको क्षति



वीरगंज । पर्साको कालिकामाई गाउँपालिका वडा नं. २ भेडिहारीको एउटा घरमा शनिबार विहान आगलगी भएको छ । स्थानिय अच्छेलाल साह तेलीको घरमा आगलगी हुँदा रु दुई लाख भन्दा बढीको धनमाल जलेर नष्ट भएको प्रहरीले जनाएको छ ।

आगलागीले कंची (खप्डा) को घर पूर्ण रुपले जल्नुको साथै घरमा रहेको ढोका २ थान, टायर एक थान, चौकी एक थान र काठ एक टेलर जलेर नष्ट भएको पिडित साहले जानकारी दिए ।

आगो तापनका लागी बालिएको आगो शनिबार विहान ४ बजे सल्केर आगलगी भएको स्थानियहरु बताएका छन् । पोखरीया नगरपालिकाबाट पुगेको बारुण यन्त्र र स्थानियहरुको सहयोगमा आगो नियन्त्रणमा आएको थियो ।

आगलागी भएको घर नजिकै स्थानिय तपसी बरैको ग्यास, सिलिन्डरको पसल रहेकोले समय मै आगो नियन्त्रण हुँदा धेरै क्षती हुनेबाट जोगिएको स्थानिय राजेन्दर राउत बरैले वताए ।

# जनमत पार्टीका मन्त्री भन्छन् : सरकारमा रहने वा नरहने भोलि फाइनल हुन्छ



काठमाडौं ,०७माघ:जनमत पार्टीका सांसद एवं विनाविभागीयमन्त्री अब्दुल खानले सरकारमा रहने वा नरहने भोलि आइतबार टुंगो लाग्ने बताएका छन् ।शनिबार नयाँ बानेश्वरस्थित संसद भवन परिसरमा पत्रकारहरूसँग कुराकानी गर्दै उनले भोलिसम्म आफूहरुको माग पूरा गर्ने आश्वासन सत्तासाझेदार दलहरूले दिएको उनले बताए । 'भोलिसम्म आश्वासन दिनुभएको छ,' उनले भने, 'भोलि फाइनल निर्णय हुन्छ ।'थुप्रै विकल्पहरुबारे पन छलफल चलिरहेको उनले बताए । 'बाँकी मन्त्रालयहरु दिने कुरा पनि छ । भोलिसम्म कुरा मिल्छ भन्ने विश्वास छ । अन्यथा, फिर्ता हुन पनि सकिन्छ ।'सहमति नभएकै कारण आफूलाई 'कार्यभार सम्हाल्न मुस्किल परेको' पनि उनले बताए ।साभार:अनलाइनखबर

# आयातमा नगद मार्जिनको व्यवस्था हटेपछि व्यवसायीले गरे प्रशंसा

काठमाडौँ – नेपाल राष्ट्र बैंकले आयातका लागि एलसी खोल्दा नगद मार्जिन राख्नुपर्ने व्यवस्था हटाएसँगै उद्योगी व्यवसायीले प्रशंसा गरेका छन् । नेपाल चेम्बर अफ कमर्सले एक विज्ञप्ति जारी गर्दै मार्जिन हटाएपछि अर्थतन्त्र थप चलायमान हुने दाबी गरेको छ ।चेम्बरले चालु पुँजी कर्जा ठूला तथा साना दुबै खाले ऋणीलाई ४० प्रतिशत नै सीमा कायम गर्न आग्रह गरेको छ । केन्द्र, प्रदेश र स्थानीय तहमा हुन नसकेको पुँजीगत खर्चको ९० प्रतिशतसम्म रकम बैंक तथा वित्तीय संस्थामार्फत परिचालनको व्यवस्था गर्न पनि परिसंघले आग्रह गरेको छ ।त्यस्तै नाडा अटोमोबाइल एसोसिएसन अफ नेपालले पनि नगद मार्जिनको व्यवस्था हटेसँगै व्यवसायीमा सकारात्मक ऊर्जा आएको जनाएको छ । यद्यपि संघका केही मागहरु पनि पूरा गर्न उसले आग्रह गरेको छ । अटोलोनमा जोखिमभारलाई १५० प्रतिशतबाट ७५ प्रतिशतमा झार्नुपर्ने, गाडी किन्नेलाई मूल्यको कुल ५० प्रतिशत दिइँदै आएको ऋण रकम बढाउनुपर्ने माग नाडाले गरेको छ । नेपाल समुद्रपार निकासी पैठारी संघले आयातका लागि एलसी खोल्दा नगद मार्जिन राख्नु नपर्ने व्यवस्थाले सरकारको राजश्व बढाउन टेवा पुग्ने भन्दै प्रशंसा गरेको छ ।

## पर्सा प्रहरी ..

गरी जिल्ला प्रहरी कार्यालय पर्साको मुदामा शाखामा यादव छिर्न सफल भएका थिए ।

जिल्ला प्रहरी कार्यालय पर्साको प्रांगनमा सेवाग्राही भन्दापनि बिचौलीयाको बिगबिगी बढेको बारे प्रहरी श्रोतले जानकारी दिएको हो । उनका अनुसार लागु औषध मुद्दादेखी ठगी मुद्दामा समेत फसेकाहरुलाई बिचौलीयाको माध्यमले नै सई यादवले मिलाउने काम मात्र गरिरहेको एक जना प्रहरीले जानकारी दिएका छन् ।

नेपाली नागरिकको सुरक्षा ग्यारेन्टी गर्ने नेपाल प्रहरी जस्तो पवित्र संगठनलाई सई यादव र बिचौलीयाहरुले नै बदनाम गर्न आतुर भएको देखिन थालिएको छ ।

विभिन्न मुद्दामा पक्राउ परेका आरोपित तथा अपराधीहरुलाई उन्मुक्ति गराउनको निम्ति सई यादव र बिचौलीयाहरुले पिडित तथा अपराधीहरुको आफन्त संग रकमको मांग गर्ने गरेको र रकम लिए पश्चात मुद्दा शाखामा धाउने गरेको दुखेसो मुद्दा शाखाकै एक कर्मचारीले आफ्नो नाम उजागर नगर्ने सर्तमा बताए ।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख प्रहरी उपरीक्षक रूपमा कोमल साह नयाँ आएको फाइदा उठाउदै विभिन्न मुद्दामा फसेकाहरुलाई सफाई समेत दिलाउन सई यादव र बिचौलीयाहरु सफल समेत भएको उनले बताए । बिचौलीयाहरुले कतिपय अपराधीलाई छुटाउन सफल भएका छन भने २ (दुई) जनालाई हालपनि सिफारिस बारे धाइरहेको उनले दावी गरेका छन् । एक जना अर्का प्रहरी श्रोतका अनुसार प्रहरीलाई नै कमाई खाने माध्यम बनाएको बारे उनले जिकिर गरे ।

उनका अनुसार जिल्ला प्रहरी कार्यालय पर्साका कर्मचारीहरुसंग राम्रो सम्बन्ध बनाएर व्यापारीलाई समेत ठग्ने काम भएको बताएका छन् ।

सीमाबाट हुने अवैध कृयाकलापका साथै भन्सार छलेर ल्याउने व्यपारीहरुको गोदाममा पुगि बार्गेनिङ गर्ने गरेको र नदिए प्रहरीलाई नै प्रयोग गरी छापामारी समेत बिचौलीयाले नै गर्ने गराउने गरेको उनले बताए ।

रकमकै आधारमा आश्रीत रहेका केही पुराना कर्मचारीहरु समेत यस्ता घटनाहरुमा संलग्न हुने गरेको समेत उनले जिकिर गरेका छन् । यस विषयमा जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख कोमल साहले आफुलाई कुनै किसिमको दबाब अथवा कुनै किसिमको आर्थिक प्रलोभन हालसम्म नआएको बताउनु भयो । उनले आफ्नो संगठनको नीति निर्देशन विपरीत गई कुनै किसिमको कार्य नगरेको समेत बताउनु भयो ।

उहाले यस विषयमा अनुसन्धान गरी त्यस्ता गतिविधिमा संलग्न हुने प्रहरीलाई समेत कारवाही गर्ने बताउनु भयो। उहाले जिल्ला प्रहरी कार्यालय पर्सा भित्र विचौलीयाहरु हावी भएको विषयमा समेत आफुलाई केही जानकारी नभएको बताउनु भयो ।

जिल्ला प्रहरी कार्यालय पर्सा परिसर भित्र कुनै किसिमको बिचौलीयालाई प्रवेश निषेध नै गरिएको ठोकुवा गरेका छन् साथै यदि प्रहरी प्रशासनबाट यस्तो कुनै किसिमको गतिविधि भएको प्रमाण पाइयो भने निलम्बन सम्मको कार्वाही गरिने उहाँले बताउनु भयो ।

## बहुदरमाई....

सिंगासन साह तेली को अध्यक्षतामा बोलाइएको सर्वदलिय बैठकबाट मधेस विश्वविद्यालयको शाखा सन्चालनका लागि सहमति भएको वडा नंबर २ अध्यक्ष जितेन्द्र पटेलले बताउनु भयो ।

यस अघि पर्साको पकाहा मैनपुर गाउँपालिका वडा नं २ स्थित श्रीराम जानकी मन्दिरको जग्गामा मधेस विश्वविद्यालयको एउटा शाखा राख्नु पर्ने भन्दै त्यहाँ पनि अनुगमन गरिएको छ। सञ्चारकर्मी बिन्दूभुषण साहको पहल र कृष्णा कुशवाहाको अगुवाइमा भएको युवाहरुको भेलाले कट्टी मठकै जग्गामा मधेस विश्वविद्यालयको एउटा शाखा राख्न माग गर्दै त्यसका लागि पहल गर्ने निर्णय गरेको हो ।

मधेस विश्वविद्यालयको शाखा सन्चालनका लागि २५ देखि ३० बिगाहा क्षेत्रफल रहेको जग्गा किन्नु भन्दा श्रीराम जानकी मन्दिरको नाममा रहेको २५ बिगाहामा मधेस विश्वविद्यालय बनाउन उपयुक्त भएको भन्दै युवाहरु जागरुक भए पछि विश्व विद्यालयको टोलीले उक्त जग्गाको अनुगमन गरेको थियो ।

अनुगमन पछि त्यहाँ कृषि र इन्जिन्यारिङ्ग शाखाको लागि उपयुक्त भएको भन्दै त्यहाँ उक्त शाखाको विश्व विद्यालय बनाईने मधेस विश्व विद्यालयको उपकुलपति डा दीपक शाक्यले प्रतिबद्धता समेत गरेका थिए ।